कृषि, उद्योग, व्यापार, पर्यटन, ऊर्जा, सूचना प्रविधि र पूर्वाधार: Smart City वालिङ निर्माणका आधार

वालिङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वालिङ, स्याङजा

पत्र सं: ०८०/०८१
च नं:

गण्डकी प्रदेश,नेपाल
मिति: २०८०/०४/२४

## औषधी उपचार खर्चका लागि नामावली नवीकरण सम्बन्धी सूचना
(प्रकाशित मिति :२०८०/०४/२४)

मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई औषधी उपचार खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८ को दफा ६ अनुसार प्रत्येक आर्थिक वर्षको सुरुमा लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा नवीकरण गर्नुपर्ने ब्यवस्था रहेकाले आ.व. २०७९/०८० मा उक्त कार्यविधि अनुसार यस नगरपालिकाबाट औषधी उपचार खर्च लिएका लाभग्राहीहरुले आ.व. २०८०/०८१ मा औषधी उपचार खर्च प्राप्त गर्न तपसिल बमोजिमको कागजात सहित वडा कार्यालयमा सम्पर्क गरी २०८० भाद्र ६ गते भित्र नामावली नवीकरण गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । नामावली नवीकरण नभएका लाभग्राहीहरुको औषधी उपचार खर्च निकासा नहुने ब्यहोरा समेत जानकारी गराईन्छ ।

आवश्यक कागजातहरु

- नवीकरणको लागि सम्बन्धीत विरामीको निवेदन
- नागरिक्ता प्रमाणपत्रको प्रतिलिपि (बालवालिकाको हकमा जन्मदर्ता )
- पछिल्लो पटक जाँच गरेको (Follow up) खुल्ने अस्पतालको कागजात ।

८०।०४।२४

तेजराज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थ तथा कार्यार्थ</u>

श्री वडा कार्यालय (सबै) भाद्र ६ गते भित्र नवीकरण गरी नवीकरणको सूची र कागजात नगरपालिकामा पठाउनुहुन ।